## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२ साल वैशाख ५ गते शुक्रबार बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | "मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" स्वीकृत गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र नियमावली, २०८० बमोजिम हाल विज्ञापन भएका पदमा बाहेक अन्य पदमा नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य सम्पन्न भई मन्त्रिपरिषद्बाट स्वीकृत नभए सम्मका लागि स्थायी पदपूर्तिको कार्य नगर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकारको कार्यबोझ, कार्यप्रकृति, विद्यमान दरबन्दी संरचना, प्रदेशको आर्थिक अवस्था र खर्च वहन गर्न सक्ने क्षमता समेतका आधारमा प्रदेशका संरचनाहरुको पुनर्संरचना गर्ने कार्यका लागि अध्ययन गरी प्रदेश सरकारलाई सिफारिस गर्न एक उच्चस्तरीय समिति गठन गर्ने ।<br>**क) समिति गठन**<br>समिति तीन सदस्यीय हुनेछ। समितिको संयोजक र सदस्यहरु देहाय बमोजिक हुनेछन्।<br>१. श्री लक्ष्मण अर्याल, पूर्व सचिव -संयोजक<br>२. श्री डा. गोपीकृष्ण खनाल, पूर्व सचिव - सदस्य<br>३. श्री सुरेश तिवारी - सदस्य |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सचिव श्री अर्जुन गौतम (क.सं.नं. १५९८११) लाई सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतको रिक्त प्रदेश सचिव पदमा कामकाजमा खटाउने। |
| ५. | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | प्रादेशिक सडक सञ्जाल गुरुयोजना स्वीकृत गर्ने। |

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२ साल वैशाख २१ गते आइतबार बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालको छैटौं अधिवेशन मिति २०८२/०१/२८ गते आइतबार दिनको ३:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सचिव श्री लक्ष्मी कुमार बि.क. (क.सं.नं.२०३८०२) लाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, सुर्खेतमा कामकाजमा खटाउने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२ साल वैशाख २६ गते शुक्रबार बैठकबाट भएका निर्णयहरु**

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मिति २०८१/१२/११ को पत्र बमोजिम प्रदेश सभा, सुर्खेतमा दर्ता भएको " स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक" फिर्ता लिने र यसैसाथ संलग्न परिमार्जित " स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक" कर्णाली प्रदेश सभामा पेश गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई स्वीकृति प्रदान गर्ने। |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय | "कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने। |
| ३. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १."कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गर्न स्वीकृत गर्ने सम्बन्धमा छलफल गरी प्रदेश मन्त्रिपरिषदमा पेश गर्ने सम्बन्धी विषयको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. ५/१०-२०८१/१२/१७ को प्रस्ताव प्रदेश मं.प.वै.सं २१/०८१ मिति २०८१/१२/१७ गते प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार मिति २०८२/०१/२३ गते बसेको समितिको बैठकमा विधेयक पेश भएकोमा "प्रस्तुत विधेयकको सम्बन्धमा छलफलमा उठेका विषयहरु समेत समावेश गरी यसैसाथ परिमार्जन सहितको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।" |